*(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम तयार गरी प्रकाशन गरिएको)*

*आर्थिक वर्ष २०८०/८१ को*

# तेस्रो त्रैमासिक प्रतिवेदन

(२०८० माघ-चैत)



*(सूचनाको अधिकार: लोकतन्त्रको आधार)*

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाण्डौं

# विषय सूची


| सि.नं | विवरण | पेज नं. |
|---|---|---|
| १. | कार्यालयको स्वरूप र प्रकृति | १ |
| २. | कार्यालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. | कार्यालयमा रहने कर्मचारीको विवरण | ४ |
| ४. | कार्यालय अन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी | ७ |
| ५. | सम्पादन गरेका कामको विवरण | ११ |
| ६. | प्रवक्ता र सूचना अधिकारीको विवरण | २६ |
| ७. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | २९ |
| ८. | आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण | ३१ |
| ९. | कार्यालयको वेबसाइट | ३१ |
| १०. | कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय | ३२ |

## १. कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासन व्यवस्था सञ्चालन र शासकीय प्रबन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथा राष्ट्रको समग्र नीति निर्माण एवं व्यवस्थापनको समन्वय गर्ने निकाय हो । शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही, जनउत्तरदायी र नतिजामुखी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवं नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ । मुलुकको सार्वजनिक प्रशासनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको यस कार्यालय सुशासन र नागरिक-मैत्री प्रशासनलाई सुसंस्थागत गर्न निरन्तर क्रियाशील रहँदै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) लाई राज्य व्यवस्था सञ्चालनका क्रममा विभिन्न नीतिगत तथा प्रशासनिक विषयमा निर्णय गर्न सहयोग पुऱ्याउनेदेखि नेपाल सरकारबाट भएका निर्णयहरूको अभिलेख राख्ने, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूलाई कार्यान्वयनमा उतार्न सम्बन्धित मन्त्रालयहरूमा लेखी पठाउने तथा निर्णय कार्यान्वयनको अनुगमन गर्नेसम्मका महत्त्वपूर्ण जिम्मेवारी यस कार्यालयले निर्वाह गर्दै आएको छ। यसैगरी नेपाल सरकार (मन्त्रिपरिषद्) लाई दैनिक प्रशासनिक कार्य सम्पादनमा आवश्यक सहयोग उपलब्ध गराउने कार्य पनि यस कार्यालयबाट हुँदै आएको छ। नेपाल सरकारका सबै मन्त्रालयहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू पनि यस कार्यालयको कार्यक्षेत्रभित्र पर्दछन्। साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वय र सहजीकरणको कार्य पनि यस कार्यालयको जिम्मेवारी अन्तर्गत रहेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई ४८ वटा विभिन्न कार्य जिम्मेवारी तोकिएका छन् । यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्वाह गर्दै आएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) का कामकारबाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ५ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छः-

१) राजनीतिक समिति

२) प्रशासन समिति

३) सामाजिक समिति

४) आर्थिक तथा पूर्वाधार समिति

५) विधेयक समिति

यी समितिहरूको अध्यक्षता सम्बन्धित विभागीय मन्त्रीबाट हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सम्बन्धित क्षेत्र हेर्ने सचिवले समितिको सचिवका रूपमा कार्य गर्ने व्यवस्था छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

१. मन्त्रिपरिषद्सम्बन्धी;

२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;

३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;

४. नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;

५. नेपाल सरकार, मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;

६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा; स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

७. प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;

८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;

९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;

१०. शासकीय प्रबन्ध, सुशासन प्रवर्धन र प्रशासनिक सुधार;

११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;

१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;

१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;

१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;

१५. मानव अधिकारको संरक्षण, प्रवर्धन, समन्वय र प्रतिवेदन;

१६. भ्रष्टाचारविरुद्धको नीति, योजना तथा कार्यान्वयन;

१७. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;

१८. संवैधानिक परिषद्;

१९. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य;

२०. प्रदेश प्रमुखसम्बन्धी;

२१. परराष्ट्र तथा सुरक्षा मामिला;

२२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

२३. लोक सेवा आयोग;

२४. राष्ट्रिय मानव अधिकार आयोग;

२५. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय;

२६. राष्ट्रिय योजना आयोग;

२७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण;

२८. लगानी बोर्ड;

२९. राष्ट्रिय सतर्कता केन्द्र;

३०. सार्वजनिक खरिद अनुगमन कार्यालय;

३१. नेपाल ट्रष्टको कार्यालय;

३२. गरिबी निवारण कोष;

३३. राष्ट्रिय अनुसन्धान विभाग;

३४. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग;

३५. राजस्व अनुसन्धान विभाग;

३६. विषय विज्ञ समूह;

३७. राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;

३८. प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;

३९. गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड;

४०. भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानून र मापदण्ड;

४१. विपद् व्यवस्थापनसम्बन्धी समन्वय;

४२. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन;

४३. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;

४४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

४५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन;

४६. नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन;

४७. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;

४८. अवशिष्ट अधिकार प्रयोग ।

## ३. कार्यालयमा रहने कर्मचारी विवरण

### संगठन संरचना

कार्यालयको वर्तमान सांगठनिक संरचना अनुसार यस कार्यालयमा हाल ११ वटा महाशाखा र २७ वटा शाखाहरू रहेका छन् । यस कार्यालयमा २३५ जनाको स्वीकृत स्थायी दरबन्दी र ४५ करार दरबन्दी रहेको छ। यस कार्यालयका प्रमुख पदाधिकारीको रूपमा नेपाल सरकारका मुख्यसचिव (रा.प.विशिष्ट श्रेणी) रहने व्यवस्था छ । मुख्यसचिव मातहत विभिन्न क्षेत्र हेर्ने सचिव (रा.प.विशिष्ट श्रेणी) र उहाँहरू अन्तर्गत विभिन्न ११ वटा महाशाखामा हेर्ने गरी सहसचिवहरू (रा.प.प्रथम श्रेणी) को दरबन्दी रहेको छ। प्रत्येक शाखाको कार्य सम्पादनका लागि उपसचिवको मातहतमा शाखाको कार्य बोझअनुसार शाखा अधिकृतदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको दरबन्दी रहेको छ । हाल यस कार्यालयको नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यान्वयनको चरणमा रहेको छ । यस कार्यालयको दरबन्दी विवरण र संगठन संरचना यस प्रकार रहेको छ।

**स्थायी कर्मचारीहरूको दरबन्दी तेरिज**


| सि.न. | पद | श्रेणी/तह | सेवा/क्लस्टर | समूह | उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | मुख्यसचिव | रा.प. विशिष्ट | – | – | – | १ |
| २ | सचिव | रा.प. विशिष्ट | प्रशासन | – | – | ४ |
| ३ | सचिव | रा.प. विशिष्ट | न्याय | – | – | १ |
| ४ | सचिव | रा.प. विशिष्ट | इन्जिनियरिङ्ग | - | - | १ |
| ५ | सचिव | रा.प. विशिष्ट | विशेष दरबन्दी | - | - | १ |
| ६ | सह-सचिव | रा.प. प्रथम | प्रशासन | – | – | ९ |
| ७ | सह-सचिव | रा.प. प्रथम | न्याय | कानून | – | २ |
| ८ | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | – | २३ |
| ९ | उप-सचिव | रा.प. द्वितीय | न्याय | कानून | – | ४ |
| १० | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | – | १ |
| ११ | उप-सचिव | रा.प. द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | | १ |
| १२ | उप-सचिव (सूचना प्रविधि) | रा.प. द्वितीय | विविध | – | – | १ |
| १३ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | – | ४२ |
| १४ | शाखा अधिकृत | रा.प. तृतीय | परराष्ट्र | परराष्ट्र | | १ |
| १५ | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानून | – | ४ |
| १६ | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | – | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | - | - | ३ |
| १८ | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | विविध | - | - | १ |
| १९ | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | - | १ |
| २० | पुस्तकालय अधिकृत | रा.प. तृतीय | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| २१ | छविकला अधिकृत | रा.प. तृतीय | शिक्षा | | | १ |
| २२ | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | - | २० |
| २३ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | - | १ |
| २४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम (प्रा.) | विविध | - | - | ३४ |
| २५ | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम (प्रा.) | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| २६ | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम (प्रा.) | ई. | मे.ई | - | १ |
| २७ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ५ |
| २८ | सिनियर मिस्त्री | रा.प.अनं. द्वितीय | ई. | मे.ई | - | १ |
| २९ | इलेक्ट्रिसियन | रा.प.अनं. द्वितीय | ई. | | | १ |
| ३० | हे.टे.ब्वाई | रा.प.अनं. द्वितीय | विविध | - | - | ३ |
| ३१ | प्लम्बर | रा.प.अनं. द्वितीय | ई. | | | १ |
| ३२ | हेभी सवारी चालक | श्रेणी विहीन | ई. | - | - | १ |
| ३३ | ह.स.चा. | श्रेणी विहीन | ई. | - | - | १८ |
| ३४ | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | ३३ |
| ३५ | का.स.(बगैंचा) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | १ |
| ३६ | का.स.(सरसफाइ) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | ७ |
| ३७ | का.स.(मेसेन्जर) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | २ |
| | **जम्मा** | | | | | २३५ |

## सेवा करारबाट पूर्ति भएका पद संख्या

| सि. न. | पदको नाम | श्रेणी/तह | सेवा | समूह | पदपूर्तिको अवस्था |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ८ |
| २ | हे.टे. ब्वाई | रा.प.अनं.द्वितीय | विविध | | ३ |
| ३ | हेभी सवारी चालक | श्रेणी विहीन | | | १ |
| ४ | ह.स.चा. | श्रेणी विहीन | ई. | - | १८ |
| ५ | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | ४१ |
| | **जम्मा** | | | | ७१ |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको संगठन संरचना



## ४. कार्यालयअन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरू

| महाशाखा/शाखाको नाम | जिम्मेवार पदाधिकारी |
|---|---|
| मुख्यसचिव डा. बैकुण्ठ अर्याल | |
| १. प्रधानमन्त्रीको निजी सचिवालय | सहसचिव श्री अर्जुन भण्डारी |
| २. मुख्यसचिवको सचिवालय | उपसचिव श्री आनन्द पौडेल |
| ३. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा | सहसचिव श्री हीरामणि शर्मा |
| (क) मन्त्रिपरिषद् बैठक शाखा (केन्द्रीय) | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा | उपसचिव श्री प्रदीप श्रेष्ठ |
| (ग) मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा | उपसचिव श्री मञ्जु शर्मा सुवेदी |
| आर्थिक तथा पूर्वाधार विकास | सचिव श्री नारायण प्रसाद शर्मा दुवाडी |
| १. लगानी, उत्पादन तथा रोजगार प्रवर्द्धन महाशाखा | सहसचिव श्री खोमराज कोइराला |
| (क) कृषि, वन तथा वातावरण शाखा | उपसचिव श्री उमेश राज रिमाल |
| (ख) अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा | उपसचिव श्री मुक्तिराम अर्याल |
| २. पूर्वाधार विकास महाशाखा | सहसचिव श्री नमराज घिमिरे |
| (क) भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा शाखा | उपसचिव श्री राम प्रसाद सापकोटा |
| (ख) खानेपानी, सहरी विकास तथा सञ्चार शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| प्रशासन तथा नतिजा व्यवस्थापन क्षेत्र | सचिव श्री गणेश प्रसाद पाण्डेय |
| १. प्रशासन महाशाखा | सहसचिव श्री नारायणप्रसाद भट्ट |
| (क) प्रशासन शाखा | उपसचिव श्री तुलाराज सुनुवार |
| (ख) आर्थिक प्रशासन शाखा | उपसचिव श्री मुरारी निरौला |
| (ग) प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (बालुवाटार) | उपसचिव |
| २. नतिजा व्यवस्थापन महाशाखा | सहसचिव श्री शिवादेवी दाहाल |
| (क) तत्काल समस्या समाधान केन्द्र | उपसचिव श्री मञ्जु शर्मा सुवेदी |
| (ख) नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा | उपसचिव श्री ज्ञानहरि घिमिरे |
| (ग) तथ्याङ्क शाखा | उपसचिव श्री कमल पौडेल |
| (घ) सूचना प्रविधि शाखा | सूचना प्रविधि निर्देशक श्री मनिष भट्टराई |
| राष्ट्रिय सुरक्षा तथा सुशासन क्षेत्र | सचिव डा. गणेशप्रसाद पाण्डेय |
| १. राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा | सहसचिव श्री विपीन आचार्य |
| (क) सूचना समन्वय शाखा | उपसचिव श्री भविश्वर पाण्डे |

| | |
|---|---|
| (ख) सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा | उपसचिव श्री सिर्जना शर्मा |
| २. शासकीय सुधार महाशाखा | सहसचिव डा. किरण रुपाखेती |
| (क) सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा | उपसचिव श्री विष्णु प्रसाद सुवेदी |
| (ख) सम्पत्ति शुद्धिकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री सुभाष न्यौपाने |
| (ग) हेलो सरकार शाखा | उपसचिव श्री राजु खनाल |
| सामाजिक विकास तथा प्रादेशिक समन्वय | सचिव श्री |
| १. सामाजिक विकास तथा रूपान्तरण महाशाखा | सहसचिव श्री संगीता ओझा |
| (क) महिला, बालबालिका, जेष्ठ नागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा | उपसचिव श्री कुशला पौडेल |
| (ख) शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा | उपसचिव श्री राजमणि दाहाल |
| २. प्रादेशिक समन्वय तथा योजना महाशाखा | सहसचिव श्री रेखा दास |
| (क) प्रादेशिक समन्वय शाखा | उपसचिव श्री लेखनाथ ज्ञवाली |
| (ख) योजना, अनुगमन तथा विपद् समन्वय शाखा | उपसचिव श्री मधु अर्याल खनाल |
| कानून तथा मानव अधिकार | सचिव श्री लीला देवी गड्तौला |
| १. कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री निर्मला अधिकारी भट्टराई |
| (क) कानून शाखा | उपसचिव श्री ओम प्रकाश बराल |
| (ख) फैसला कार्यान्वयन शाखा | उपसचिव श्री |
| २. मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा | सहसचिव श्री राजेन्द्र थापा |
| (क) मानव अधिकार शाखा | उपसचिव श्री रेशम राज सिग्देल |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव श्री राजु प्रसाद गुरागाई |
| इन्जिनियरिङ्ग क्लष्टर | सचिव श्री सरजुकुमार वैद्य |
| | सहसचिव श्री |
| विशेष पद* | सचिव श्री खगेन्द्र प्रसाद नेपाल |

**नोटः मिति २०७८/०९/१४ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार नेपाल प्रशासन सेवा, समूहीकरणतर्फको रा.प. विशिष्ट श्रेणीको सचिव -१ विशेष पदको दरबन्दी सिर्जना भएको ।*

### यस अवधिमा अनिवार्य अवकास तथा राजीनामाबाट सेवा निवृत्त कर्मचारीहरू

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री छविलाल पाण्डे | उपसचिव |
| २. | श्री सूर्य बहादुर खड्का | कार्यालय सहयोगी |
| ३. | श्री सुनकुमार नगरकोटी | कार्यालय सहयोगी |

### यस अवधिमा कार्यालय वा अन्तर्गत बढुवा, सरुवा तथा पदस्थापन भै आउनुभएका कर्मचारीहरू

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री नारायण प्रसाद शर्मा दुवाडी | सचिव |
| २. | श्री सरजु कुमार वैद्य | सचिव |
| ३. | श्री निर्मला अधिकारी भट्टराई | सहसचिव (कानून) |
| ४. | श्री मधु अर्याल खनाल | उपसचिव |
| ५. | श्री मुरारी निरौला | उपसचिव (लेखा ) |
| ६. | श्री मानसिं धामी | शाखा अधिकृत |
| ७. | श्री हिमराज अर्याल | शाखा अधिकृत |
| ८. | श्री जय प्रसाद गौतम | शाखा अधिकृत |
| ९. | श्री विकास शर्मा रिजाल | शाखा अधिकृत |
| १०. | श्री छविलाल विश्वकर्मा | शाखा अधिकृत |
| ११. | श्री आश्रुति पोखरेल | कानून अधिकृत |
| १२. | श्री विनोद प्रसाद भुर्तेल | लेखा अधिकृत |
| १३. | श्री प्रभा पोखेल | लेखा अधिकृत |
| १४. | श्री सालिक राम लामिछाने | ना.सु. |
| १५. | श्री रुक्मणी देवी भट्टराई घिमिरे | ना.सु. |
| १६. | श्री महेन्द्र प्रसाद पौडेल | ना.सु. |
| १७. | श्री सदानन्द सापकोटा | ना.सु. |
| १८. | श्री शरद भण्डारी | ना.सु. |
| १९. | श्री विमला थापा बस्नेत | लेखापाल |
| २०. | श्री चन्द्रशेर राना | कम्प्युटर अपरेटर |

**यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई अरू निकायमा जानुभएका कर्मचारीहरूको विवरण**

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री एक नारायण अर्याल | सचिव |
| २. | श्री बुद्ध बहादुर गुरुङ | सहसचिव |
| ३. | श्री नारायण प्रसाद सापकोटा | सहसचिव |
| ४. | श्री ढुण्डी प्रसाद निरौला | सहसचिव |
| ५. | श्री सन्तोष प्रसाद दाहाल | सहसचिव (बढुवा हुनभएको) |
| ६. | श्री दल बहादुर अधिकारी | सहसचिव (कानून) |
| ७. | श्री सूर्य बहादुर भण्डारी | उपसचिव (लेखा) |
| ८. | श्री मनिराम ज्ञवाली | उपसचिव (कानून) |
| ९. | श्री सन्तोष ढुङ्गाना | सूचना प्रविधि निर्देशक (बढुवा हुनुभएको) |
| १०. | श्री प्रवीण कटवाल | शाखा अधिकृत |
| ११. | श्री सहदेव गौतम | शाखा अधिकृत |
| १२. | श्री संयोग भट्टराई | शाखा अधिकृत |
| १३. | श्री सोनी कुमारी साह | शाखा अधिकृत |
| १४. | श्री आसरा वैद्य | कानून अधिकृत |
| १५. | श्री नरेश श्रेष्ठ | लेखा अधिकृत |
| १६. | श्री केदारमणि भण्डारि | कम्प्युटर ईन्जिनियर |
| १७. | श्री कृष्ण प्रसाद गौतम | कम्प्युटर अपरेटर |

## ५. सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश)

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाहरूबाट आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमासिक (२०८० माघ-चैतसम्म) अवधिमा सम्पादित मुख्य-मुख्य कार्यहरूः

- *सम्माननीय प्रधानमन्त्रीले प्रमुख अतिथिको हैसियतमा विभिन्न सार्वजनिक कार्यक्रमहरूमा सहभागी भई मन्तव्य/सम्बोधन राख्नु भएको । साथै, विभिन्न स्मारिका तथा प्रकाशनको लागि शुभकामना मन्तव्य प्रदान गर्नुभएको ।*
- *नेपालको संविधानको धारा ५३ तथा सुशासन संचालन तथा व्यवस्थापन ऐन बमोजिमको नेपाल सरकारको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रिपरिषद्बाट स्वीकृतिपश्चात सम्माननीय राष्ट्रपतिसमक्ष पेश गरिएको ।*
- *सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरूको अर्धवार्षिक प्रगति समिक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न गरिएको ।*
- *आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक अवधिमा नेपाल सरकार, मन्त्रिपरिषद्का १३ वटा बैठक बसी ३८२ वटा निर्णयहरू भएकोमा उक्त बैठकहरूको निर्णय लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको । मन्त्रिपरिषद्का विभिन्न समितिहरूको १४ वटा बैठकले गरेका २२ वटा निर्णयहरूको लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको ।*
- *आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तावित कार्यक्रम तथा मध्यमकालिन खर्च संरचनाबारे राष्ट्रिय योजना आयोगमा नीतिगत छलफल सम्पन्न गरिएको ।*
- *सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) बमोजिम गठित राष्ट्रिय पुनरावलोकन परिषद्को बैठक माननीय अर्थमन्त्रीज्यूको अध्यक्षतामा सम्पन्न भई सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी तत्काल सुधारको पहल (AML/CFT Prompt Corrective Initiatives) स्वीकृत भएको ।*
- *आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्ने काम भई रहेको ।*
- *आ.व. २०७९/८० को विनियोजन, राजस्व, धरौटी, कार्य संचालनको आन्तरिक लेखापरीक्षण सम्पन्न भई प्राप्त प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया पठाइएको । यस कार्यालयगत बजेट सीमा निर्धारण गर्नुका साथै अर्थ मन्त्रालयसँग बजेटरी छलफल अन्तिम चरणमा रहेको ।*
- *सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका विभिन्न २२ वटा निवेदनमा सूचना उपलब्ध गराइएको ।*

- विभिन्न प्रदेशका पदाधिकारी तथा कर्मचारीहरूलाई वैदेशिक भ्रमणको सहमति उपलब्ध गराउने तथा राहदानी एवं भिसा सहजीकरण गरिएको ।
- नेपालका लागि मित्रराष्ट्रहरू अष्ट्रेलिया र इजरायलका आवासीय राजदूत र मित्रराष्ट्रहरू मौरिसस, जाम्बिया, लाओस, कोरिया, अजरबैजान, माली, बुल्गेरिया, साइप्रस, युगाण्डा, फिलिपिन्स, ग्वाटेमाला, आयरल्याण्ड र अल्जेरियाका गैरआवासीय राजदूतहरूको नियुक्तिका लागि सहमति प्रदान गरिएको।
- हेलो सरकार कक्षमा सम्बन्धित निकायबाट समाधान भै आएकामध्ये फछ्यौंट गर्न उपयुक्त देखिएका १,२९४ गुनासो फछ्यौंट गरिएको ।
- विभिन्न गठन आदेश, नियमावली, निर्देशिका र कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने कार्य गरिएको ।
- यस कार्यालयसमेत विपक्षी भएको सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका १०७ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी पठाइएको ।

यस अवधिमा यस कार्यालयका विभिन्न महाशाखा/शाखाहरूबाट सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरूको विवरण यसप्रकार छ:

## ५.१ प्रधानमन्त्रीको निजी सचिवालय

सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालयबाट भएको पत्राचार, मन्तव्य तथा शुभकामना सन्देशसम्बन्धी विवरण:

| सि.न. | विवरण | संख्या |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्रीज्यूका सम्बोधनहरू | ३८ |
| २. | सम्माननीय प्रधानमन्त्रीज्यूले विभिन्न संघसंस्था तथा निकायहरूलाई दिनुभएको शुभकामना सन्देशहरू | ९३ |
| ३. | दर्ता भएका पत्रहरू | ६८८ |
| ४. | मन्त्रालय/निकायमा कार्यार्थ पठाइएका पत्र (बाह्य) | ७०३ |
| ५. | प्र.म.तथा मं.प.का.भित्रका महाशाखा/शाखामा कार्यार्थ पठाइएका निवेदनहरू | २९ |
| ६. | टिप्पणी दर्ता | ६५ |
| ७. | टिप्पणी सदर | ६५ |
| ८. | माननीय उपप्रधानमन्त्री/मन्त्री/राज्यमन्त्रीज्यूहरूको भ्रमण स्वीकृति | १२८ |
| ९. | विश्वविद्यालयसम्बन्धी पत्रहरू | १६ |

## ५.२ मुख्यसचिवको सचिवालय

- मन्त्रिपरिषद् बैठक र मन्त्रिपरिषद् समितिका बैठकहरू सञ्चालनमा आवश्यक समन्वय र सहजीकरण गरिएको ।
- मुख्यसचिवज्यूको अध्यक्षतामा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बढुवा समितिको बैठक बसी बैठकका निर्णयहरू प्रमाणित गर्ने कार्यमा समेत सहयोग पुऱ्याएको।
- नेपाल सरकारको नाममा प्राप्त अध्ययन, तालिम वा भ्रमणको बाँडफाँडको लागि छात्रवृत्ति समितिको ११ वटा बैठक व्यवस्थापन सम्बन्धी कार्य गरेको र सो अवधिमा बसेको बैठकका निर्णयहरू प्रमाणित गराउने, सोको कार्यान्वयनका लागि समन्वय र सहजीकरण समेत गरिएको ।
- यस त्रैमासिक अवधिमा ३ वटा सचिव बैठक बसेको र उक्त बैठकका निर्णयहरू कार्यान्वयनमा समन्वयन र सहजीकरण गरिएको ।
- यस अवधिमा टेलिफोनबाट ५०० पटक जनसम्पर्क गरी सेवा प्रवाहमा समन्वय/सहजीकरण गर्नुका साथै २५० व्यक्तिलाई मुख्यसचिवज्यूसँग भेटघाटको व्यवस्था मिलाइएको ।

- २६८ वटा पत्रहरू E-Registration गरी मुख्यसचिवज्यू समक्ष प्रस्तुत गरी आदेशानुसार Online बाट नै कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरु समक्ष पठाइएको ।
- नेपाल सरकारका सचिवहरूको ८६ वटा स्वदेश भ्रमण तथा २० विदाको विद्युतीय अभिलेख राख्नुका साथै सचिवहरूबाट पेश भएका भ्रमण प्रतिवेदन कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सम्बन्धित सचिवसमक्ष पठाइएको । सचिवहरूको हाजिरी र परिचय-पत्र व्यवस्थापनसम्बन्धी कार्यहरूलाई निरन्तरता दिइएको ।
- संवैधानिक अङ्गका पदाधिकारी, प्रदेश प्रमुख, नेपाल सरकारका सचिवहरू र अन्य विभागीय प्रमुखहरूको वरियताक्रम, सम्पर्क नम्बर र इमेल अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइएको।
- श्रीमान् मुख्यसचिवज्यूको अध्यक्षता/संयोजकत्वमा बसेका सूचना प्रविधि र सुशासन विषयक अन्तर्क्रिया, खरिद ऐन सम्बन्धी समस्या समाधान बैठक, तेस्रो लगानी सम्मेलन, Fast Track आयोजनालगायतका विभिन्न बैठकहरूको समन्वय र सहजीकरण गरिएको ।
- स्वदेशी तथा विदेशी संस्था र व्यक्तिहरूद्वारा विभिन्न अवसरमा आयोजना गरिएका चियापान, रात्रीभोज, दिवाभोजलगायतका कार्यक्रममा मुख्यसचिवज्यूको सहभागिताका लागि सूचना प्रस्तुत गर्ने, कार्यक्रम सहभागिताको सुनिश्चितता लिने र सम्बन्धित पक्षलाई जानकारी दिने लगायतका कार्यहरू गरिएको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट विभिन्न देशमा भएको भ्रमण कार्यक्रमका लागि आवश्यक सहजीकरण गरिएको ।
- लोक सेवा आयोग, महालेखापरीक्षकजस्ता संवैधानिक निकायहरूको वार्षिक कार्यक्रममा मुख्यसचिवज्यूको सहभागिताका लागि समन्वय र सहजीकरण गरिएको।
- प्रतिनिधि सभा तथा राष्ट्रिय सभाको विभिन्न समितिको बैठकमा मुख्यसचिवज्यूको सहभागिताका लागि समन्वय, सहजीकरण गरिएको।
- निजामती अस्पताल विकास समितिको बैठकको लागि समन्वय, सहजीकरण गरिएको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा विभिन्न मन्त्रालयहरूका माननीय मन्त्री र सचिवज्यूहरू सम्मलित छलफल/समीक्षाको लागि आवश्यक समन्वय तथा सहजीकरण गरिएको ।

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा

### ५.३ मन्त्रिपरिषद् बैठक शाखा, मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा र मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा,

- नेपाल सरकार, मन्त्रिपरिषद्का १३ वटा बैठक बसी ३८२ वटा निर्णयहरू भएकोमा उक्त बैठकका निर्णयहरूको अभिलेख व्यवस्थापनसम्बन्धी कार्य भइरहेको।
- मन्त्रिपरिषद्का विभिन्न समितिहरूको १४ वटा बैठक बसी २२ वटा निर्णयहरू भएकोमा उक्त बैठकका निर्णयहरूको अभिलेख व्यवस्थापनसम्बन्धी कार्य भइरहेको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को विभिन्न बैठकबाट निर्णय भएका जम्मा १११ वटा निर्णयहरू प्रणालीमार्फत अनुगमन गरी आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक प्रगति प्रतिवेदन तयार भइरहेको।
- मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको कार्यान्वयन र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन निर्णयहरू प्रणालीमा प्रविष्ट गर्ने सम्बन्धित मन्त्रालयहरूका पदाधिकारीलाई सहजीकरण गरिएको।

नेपाल सरकार (मन्त्रिपरिषद बैठक) का निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस्

मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## प्रशासन महाशाखा

### ५.४ प्रशासन शाखा

- कार्यालय र मातहतका निकायको जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य अन्तर्गत कर्मचारीको नियुक्ति, सरुवा, काज, हाजिरी, बिदा, बढुवा, पुरस्कार, तालिम, छात्रवृत्ति मनोनयन, निवृत्तिभरण र अवकाश सम्बन्धि कार्यहरू गरिएको ।
- कार्यालयको दैनिक प्रशासन सञ्चालन तथा आन्तरिक व्यवस्थापनको कार्य गरिएको ।
- कार्यालय बैठक लगायतका अन्य बैठकको व्यवस्थापन तथा निर्णय कार्यान्वयनका लागि समन्वय गरिएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विद्युतीय सुशासन आयोग र राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतका कार्यालयहरूको संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण कार्य सम्पन्न भएको।
- राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण कार्य अन्तिम चरणमा रहेको ।

### ५.५ आर्थिक प्रशासन शाखा

- आ.व.०७९/८० को विनियोजन, राजस्व,धरौटी, कार्य सञ्चालनको अन्तिम लेखापरीक्षण सम्पन्न भई प्राप्त  प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया पठाइएको ।
- यस कार्यालय तथा अन्तरगतका निकायबाट माग भए बमोजिम थप बजेट/रकमान्तरका लागि लेखी पठाइएको।
- आर्थिक प्रशासनसँग सम्बन्धित महाशाखा/शाखाबाट माग गरिएको राय समयमा नै उपलब्ध गराउने गरिएको ।
- यस वर्षको तेस्रो त्रैमासिकमा कूल वित्तीय प्रगति पुँजीगततर्फ १२ प्रतिशत र चालुतर्फ १६ प्रतिशत भएको छ भने तेश्रो त्रैमासिक अवधिसम्म पुँजीगततर्फ ३१ प्रतिशत र चालुतर्फ ५८ प्रतिशत वित्तीय प्रगति भएको ।
- यस कार्यालय तथा अन्तर्गतका निकायहरूको वेरुजुको लगत अद्यावधिक गरिएको ।

*(खर्चको थप विवरण यसै प्रतिवेदनको क्र.सं. ८ मा संलग्न गरिएको छ)*

## सामाजिक विकास तथा रूपान्तरण महाशाखा

### ५.६ महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा शाखा

- यस आर्थिक वर्ष २०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताको क्षेत्रमा स्थानीय तहले प्रवाह गरेको सेवाको अनुगमन गर्न गण्डकी प्रदेश अन्तर्गत तनँहु जिल्लाको आबुखैरेनी गाउँपालिका, गोरखा जिल्लाको आरूघाट गाउँपालिका र बारपाक सुलिकोट गाउँपालिका र लमजुङ जिल्लाको दुधपोखरी गाउँपालिकामा अनुगमन गरी प्रतिवेदन पेश गरिएको ।
- आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम बालश्रममुक्त स्थानीय तहको अनुगमन गर्ने सन्दर्भमा चन्द्रागिरि नगरपालिकाको वडा नं. ३,५,६ र १४ को अनुगमन गरिएको।
- समाज कल्याण परिषद्को कार्यक्षेत्रलाई थप प्रभावकारी एवं पारदर्शी बनाउन परिषद्बाट हुने परियोजना सम्झौताको विवरण नियमित रूपमा पठाउन पत्राचार गरिएको।

### ५.७ शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट सञ्चालित विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रमको अनुगमन गर्ने स्वीकृत वार्षिक कार्यक्रम रहेकोमा सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट र

काठमाडौंमा गरी ५ वटा उक्त कार्यक्रम सञ्चालन गरेका विद्यालयहरुको अनुगमन गरी प्रतिवेदन पेश गरिएको ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सञ्चालित सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको अनुगमन गर्ने कार्यक्रम रहेकोमा कार्यक्रमको चेकलिष्ट/अनुगमन सूचक /सर्वेक्षण फाराम तयारी र कार्यक्रमको प्रस्ताव स्वीकृति भएको।
- सामाजिक क्षेत्रमा सञ्चालित संघ, प्रदेश र स्थानीय तहमा सम्पादन गरेका कार्यक्रमहरु दोहोरिएका विषयमा अध्ययन गरी प्रतिवेदन तयार गर्ने रहेकोमा कार्यक्रमको चेकलिष्ट/अनुगमन सूचक /सर्वेक्षण फाराम तयारी र कार्यक्रमको प्रस्ताव स्वीकृति भई सातै प्रदेशमा आ.व.२०७९।८० मा सञ्चालन गरेका कार्यक्रमको विवरण माग गरि पत्राचार गरिएको। काठमाडौं जिल्लामा रहेको कागेश्वरी मनोहरा न.पा.मा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी अध्ययन कार्य गरिएको र अन्य निकायमा कार्यक्रम गर्ने तयारी भई रहेको।
- सम्माननीय प्रधानमन्त्री तथा श्रीमान् मुख्यसचिवज्यूलाई सम्बोधन गरी विभिन्न मितिमा प्राप्त व्यक्तिगत एवं संस्थागत निवेदन तथा ज्ञापन-पत्र कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयहरूमा पठाइएको ।
- यस महाशखासँग सम्बन्धित मन्त्रालयहरुले आयोजना गरेको बैठकहरुमा सक्रियतापूर्वक सहभागी भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको धारणाहरू राख्ने गरिएको ।

| क्र.सं. | निकाय | नियुक्त हुने पदाधिकारी | ठेगाना | पद | नियुक्त गर्ने | निर्णय मिति | पदावधि |
|---|---|---|---|---|---|---|---|
| १. | त्रिभुवन विश्वविद्यालय | प्रा.डा. केशर जङ्ग बराल | रम्भा-३ पाल्पा | उपकुलपति | सम्माननीय प्रधानमन्त्री एवं त्रिभुवन विश्वविद्यालयका कुलपति | २०८०।११।१० | ४ (चार) |
| | | प्रा.डा. खड्ग के.सी. | मोदी -५, पर्वत | शिक्षाध्यक्ष | | २०८०।१२।३० | ४ (चार) |
| | | प्रा.डा. केदार प्रसाद रिजाल | टोखा नगरपालिका-११,काठमाडौं। | रजिष्ट्रार | | २०८०।१२।३० | |
| २. | लुम्बिनी बौद्ध विश्विविद्यालय | श्री पदम प्रसाद पाण्डे | १. रेसुङ्गा-१, गुल्मी | सभाको सदस्य | सम्माननीय प्रधानमन्त्री एवं लुम्बिनी बौद्ध विश्वविद्यालयका कुलपति | २०८०।११।१४ | ३ (तीन) |
| | | डा. मंगल ध्वज तुलाचन | २.नेपा बौद्ध निङ्मापा संघ, बौद्ध, काठमाडौं। | सभाको सदस्य | | | |

# प्रादेशिक समन्वय तथा योजना महाशाखा

## ५.८ प्रादेशिक समन्वय शाखा

- कार्यविस्तृतीकरण परिमार्जन सिफारिस समितिद्वारा राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष परिमार्जित कार्यविस्तृतीकरण प्रतिवेदन पेस गरिएको ।
- राष्ट्रिय समन्वय परिषद्को दोस्रो बैठक मिति २०८०।१०।२४ मा सम्पन्न गरी वार्षिक प्रतिवेदनको मस्यौदा तयार गरिएको ।
- सातवटै प्रदेशहरूको प्रगति विवरणहरू संकलन गरी प्रदेश प्रोफाइलको मस्यौदा तयार गरिएको।

## ५.९ योजना, अनुगमन तथा विपद् समन्वय शाखा

- सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरुको दोस्रो त्रैमासिक/अर्धवार्षिक प्रगति समिक्षा तथा मन्त्रालस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न गरिएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरु (महान्यायाधिवक्ताको कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, विद्युतीय सुशासन आयोग) को एकीकृत अनलाइन मनिटरिङ प्रणालीमा रहेका क्रियाकलाप तथा माइलस्टोनहरूको मासिक प्रगति प्रविष्ट गरिएको।
- आ.ब. २०८१/८२ का लागि प्रस्तावित कार्यक्रम तथा मध्यमकालिन खर्च संरचनाबारे राष्ट्रिय योजना आयोगमा नीतिगत छलफल सम्पन्न गरिएको ।
- यस कार्यालय र अन्तर्गतका निकायहरूको लागि आ.व. २०८१/८२ को बजेट तर्जुमा गर्ने प्रयोजनार्थ वार्षिक बजेट तथा कार्यक्रम माग गरी छलफल पश्चात कार्यालयगत बजेट सीमा निर्धारण गरिएको तथा आ.व. २०८१/८२ का लागि प्रस्तावित कार्यक्रमहरु LMBIS मा प्रविष्टि पश्चात अर्थ मन्त्रालयसँग बजेटरी छलफल अन्तिम चरणमा रहेको।
- आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको नीति तथा कार्यक्रम तयार गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय/निकाय/कार्यालयबाट विवरणहरू माग गरी सम्बन्धित मन्त्रालयका सचिवज्यू तथा जिम्मेवार पदाधिकारीज्यूहरूको उपस्थितिमा नीति तथा कार्यक्रमको छलफल संयोजन गर्ने कार्य गरिएको ।

## ५.१० सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखा

### सूचनाको हक कार्यान्वयन

- यस आ.व.को तेस्रो त्रैमासिकमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका २२ वटा निवेदनमा आवश्यक कारबाही गरी सूचना उपलब्ध गराइएको । अन्य निकायसँग सम्बन्धित निवेदनहरू सम्बन्धित निकायमा लेखी पठाइएको ।(थप विवरण प्रतिवेदनको क्र.सं १० मा समावेश गरिएको छ)

### राजदूत नियुक्ति सहमति

- नेपालसँग दौत्यसम्बन्ध कायम भएका निम्न मित्रराष्ट्रका आवासीय राजदूतको नियुक्तिका लागि सहमति प्रदान गरिएको:

| क्र.सं | राजदूतको नाम | मित्र राष्ट्रको नाम | सहमति प्रदान गरिएको मिति |
|---|---|---|---|
| १. | H.E. Ms. Leann Elizabeth Johnston | अष्ट्रेलिया | २०८०/१२/१८ |
| २. | H.E. Mr. shmulik Arie Bass | इजरायल | २०८०/१०/१६ |

- नेपालसँग दौत्यसम्बन्ध कायम भएका निम्न मित्रराष्ट्रका गैरआवासीय राजदूतको नियुक्तिका लागि सहमति प्रदान गरिएको:

| क्र.सं | राजदूतको नाम | मित्र राष्ट्रको नाम | सहमति प्रदान गरिएको मिति |
|---|---|---|---|
| १. | H.E. Mr. Haymandoyal Dillum | मौरिसस | २०८०/१२/१८ |
| २. | H.E. Mr. Percy Patson Chanda | जाम्बिया | |
| ३. | H.E. Mr. Bounmy VANMANY | लाओस | |
| ४. | H.E. Mr. Choe Hui Chol | कोरिया | २०८०/१२/०२ |
| ५. | H.E. Mr. Elchin Nariman Oglu Huseynli | अजरबैजान | |
| ६. | H.E. Brigadier General Felix Diallo | माली | |
| ७. | H.E. Mr. Nikolay Hristov Yankov | बुल्गेरिया | |
| ८. | H.E. Mr. Evagoras Vryonides | साइप्रस | २०८०/११/१३ |
| ९. | H.E. Prof. Joyce Kakuramatsi Kikafunda | युगाण्डा | |
| १०. | H.E. Mr. Josel Franscisco Ignacio | फिलिपिन्स | २०८०/१०/१६ |

| | | | |
|---|---|---|---|
| ११. | H.E. Mr. Omar Lisandro Castaneda Soleras | ग्वाटेमाला | २०८०/१०/२२ |
| १२. | H.E. Mr. Kevin Kelly | आयरल्याण्ड | २०८०/१०/२३ |
| १३. | H.E. Dr. Ali Achoui | अल्जेरिया | २०८०/१०/२३ |

**वैदेशिक भ्रमण तथा भिसा सहजीकरण**

- लुम्बिनी प्रदेश सभाका माननीय सभामुख श्री तुलाराम घर्ती मगरलाई २०८० चैत २७ देखि २०८१ वैशाख १ गते (तदनुसार ९-१३ अप्रिल, २०२४) सम्म नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी चीनको Chongqing Municipal People's Congress को भ्रमणका लागि स्वीकृति प्रदान गरिएकोमा उहाँको नेतृत्वको ६ सदस्यीय टोलीको राहदानी तथा भिसा सहजीकरण गरिएको ।
- विभिन्न प्रदेशहरूबाट अनुरोध भई आएबमोजिम प्रदेश पदाधिकारी तथा कर्मचारीहरूको राहदानी एवं भिसा सहजीकरणका लागि परराष्ट्र मन्त्रालय लेखि पठाइएको ।

**अन्य कार्यहरू**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रैमासिक विवरण (२०८० कार्तिक-पुस) तयार गरी कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम राष्ट्रिय सूचना आयोगमा परेका ४ वटा पुनरावेदन निवेदनको सम्बन्धमा जवाफ तयार गरी आयोगमा पठाइएको । साथै राष्ट्रिय सूचना आयोगलगायत सरोकारवाला निकायबाट माग भई आएका शाखासँग सम्बन्धित विवरण समयमा नै उपलब्ध गराइएको ।

## ५.११ सुशासन प्रवर्धन तथा भ्रष्टाचार निगरानी शाखा

- नेपालको संविधानको धारा ५३ तथा सुशासन संचालन तथा व्यवस्थापन ऐन बमोजिमको नेपाल सरकारको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रिपरिषद्बाट स्वीकृतिपश्चात सम्माननीय राष्ट्रपतिसमक्ष पेश गरिएको ।
- आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम तयारीका लागि शासकीय सुधार र सूचना प्रविधि क्षेत्रका विज्ञहरुसँग बैठक बसी नीति तथा कार्यक्रमलाई आवश्यक पृष्ठपोषण प्रदान गरिएको।
- विभिन्न मितिमा सचिव बैठकको लागि सहजीकरण गरी बैठकका निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा पठाइएको।
- उच्च व्यवस्थापन समूहको बैठक आयोजना गरी बैठकका निर्णय कार्यान्वयनका लागि सम्बन्धित महाशाखा/शाखामा पठाइएको।

- भ्रष्टाचार निवारणका लागि अख्तियार लगायतका संवैधानिक निकायबाट प्राप्त निर्देशनहरू परिपत्र गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्राप्त शासकीय उजुरीहरु सम्बन्धित निकायहरुमा पठाइएको।

## ५.१२ सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा नियमनकारी अनुसन्धानकारी तथा सम्बद्ध निकाय समेतको सहभागितामा वित्तीय कारवाही कार्यदल (FATF) बाट International Co-operation Review Group (ICRG) को प्रक्रिया सम्बन्धी अन्तरक्रिया मिति २०८० फागुन १ देखि २ गतेसम्म र Asia Pacific Group on Money Laundering (APG) बाट Strategic Implementation Program (SIP) सम्बन्धी अन्तरक्रिया मिति २०८० फागुन ३ देखि ४ गतेसम्म सम्पन्न भएको ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) बमोजिम गठित राष्ट्रिय पुनरावलोकन परिषद्को बैठक माननीय अर्थ मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८०।१२।०४ गते सम्पन्न भई सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी तत्काल सुधारको पहल (AML/CFT Prompt Corrective Initiatives) स्वीकृत भएको।
- सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रस्तावित राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६) एवम् राष्ट्रिय जोखिम मूल्याङ्कन अद्यावधिक सम्बन्धमा सम्बन्धित निकायहरुसँग ४ वटा बैठक सम्पन्न भएको।
- AML/CFT सम्बन्धी राष्ट्रिय समन्वय समितिको १३१ औं र १३२ औं बैठक क्रमशः मिति २०८०।१०।२५, २०८०।११।०४ गते सम्पन्न भएको।

## ५.१३ हेलो सरकार कक्ष

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न मन्त्रालय तथा निकायहरूसँग सम्बन्धित सेवा प्रवाहलगायत विभिन्न विषयमा प्राप्त हुने विभिन्न किसिमका जनगुनासो र सुझावहरूको उचित सुनुवाइ गर्न, मन्त्रालयबाट हुने नीतिगत निर्णय, कार्य सञ्चालन र शान्ति सुरक्षाको स्थितिको सम्बन्धमा जानकारी लिई शासकीय व्यवस्थामा सुधार गरी जनमुखी प्रशासन व्यवस्थाको प्रवर्धन गर्नका लागि गुनासो गर्न चाहने जो कोहीलाई देहायबमोजिमको माध्यमबाट हेलो सरकार कक्षको शाखामा सूचना दिने व्यवस्था मिलाइएको:

- टोल फ्रि टेलिफोन नम्बर १११९ मा टेलिफोन गरी शाखाका कर्मचारीलाई टिपाएर ।

- शाखाको फ्याक्स नम्बर ११०० मा फ्याक्स गरेर ।
- शाखाको 1111@nepal.gov.np मा इमेल गरेर ।
- कार्यालयको बेवसाइट www.gunaso.opmcm.gov.np को Complaints and Suggestion बाट पठाएर ।
- ट्वीटर तथा फेसबुक पेजको गुनासो गेटमा सन्देश पठाएर ।
- मोबाइल एपमा गुनासो पठाएर ।
- हेलो सरकार शाखामा पत्र पठाएर ।
- गुनासोकर्ता स्वयं उपस्थित भई विवरण टिपाएर ।
- एस.एम.एसमार्फत गुनासो पठाएर ।
- Viber मार्फत गुनासो पठाएर ।
- अन्य

**हेलो सरकार शाखाबाट तेस्रो त्रैमासिक अवधिमा सम्पादन भएका मुख्य-मुख्य कामहरू**

- हेलो सरकार कक्षमा विभिन्न माध्यम (हेलो सरकार वेब पोर्टल, फेसबुक, भाइबर, ह्वाट्स एप, ट्वीटर, इमेल, नागरिक एप, फोन सम्पर्क तथा प्रत्यक्षरुपमा कक्षमा नै उपस्थिति भई) बाट प्राप्त ३१८१ (प्राप्त भएका गुनासा र फछ्यौंटका लागि पुनः प्राप्त भएका समेत) गुनासोहरूलाई अध्ययन गरी सम्बन्धित निकायमा आवश्यक कारवाहीका लागि पठाइएको ।
- यस अवधिमा सम्बन्धित निकायबाट समाधान भई आएकामध्ये फछ्यौंट गर्न उपयुक्त देखिएको जम्मा १२९४ गुनासो फछ्यौंट गरिएको ।
- हेलो सरकारको नयाँ विद्युतीय पोर्टल सञ्चालनका लागि प्रदेश र स्थानीय तहका गुनासो सुन्ने अधिकारीहरूलाई यस त्रैमासिक अवधिमा ३ वटा तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ।

## नतिजा व्यवस्थापन महाशाखा

### ५.१४ नतिजा विश्लेषण तथा व्यवस्थापन शाखा

- एकीकृत अनुगमन प्रणालीमार्फत प्राप्त प्रगति विवरणको आधारमा ३ वटा मासिक प्रगति प्रतिवेदन तयार गरिएको ।
- आर्थिक वर्ष २०८०/८१ को पुस, माघ र फागुन महिनाको मन्त्रालयगत मासिक "रिपोर्ट कार्ड" तयार गरिएको ।
- एउटा मन्त्रालयस्तरीय समीक्षा बैठक सम्पन्न गरिएको ।
- एकीकृत सूचना प्रणाली (Integrated Monitoring System) सञ्चालन एवं व्यवस्थापन गरिएको ।

### ५.१५ तत्काल समस्या समाधान केन्द्र

- गल्छी-त्रिशुली-स्याफ्रुबेशी-रसुवागढी सडक आयोजनामा पहिचान भएका समस्याहरू समाधानका लागि मिति २०८०/०६/०५ मा बसेको समन्वय र सहजीकरण बैठकले गरेका निर्णय कार्यान्वयन अवस्थाको समीक्षा र थप सहजीकरणसम्बन्धी बैठक सम्पन्न गरिएको ।
- केन्द्रीय अनुगमन मूल्याङ्कन समितिको बैठक सम्पन्न भई बैठकले गरेका निर्णयहरू कार्यान्वयनमा लगिएको ।
- राष्ट्रिय गौरव, रूपान्तरणकारी तथा अन्य विभिन्न आयोजनाहरूको अनुगमन र नियमित समीक्षा गरिएको ।
- सम्माननीय प्रधानमन्त्री तथा माननीय मन्त्रीबीचको कार्यसम्पादन सम्झौता तयार र हस्ताक्षरमा सहजीकरण गरिएको ।

### ५.१६ सूचना प्रविधि शाखा

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेवसाईट, क्याबिनेट स्वचालन प्रणाली, स्वचालित कार्यालय प्रणाली, ई-हाजिरी प्रणाली, एकीकृत अनुगमन प्रणाली, यस कार्यालयको SMS Portal, हेलो सरकार लगायतका सम्पूर्ण पोर्टलहरूको नियमित सञ्चालन र अद्यावधिक गरिएको ।
- यस कार्यालयमा नियुक्ति एवं सरुवा भई आएका कर्मचारीहरूको परिचय-पत्र वितरण गरिएको।
- कार्यालयका लागि आवश्यक सूचना प्रविधि सम्बन्धी उपकरणहरूको आवश्यकता पहिचान, प्राविधिक स्फेशिफिकेसन तयारी तथा गुणस्तरको मूल्याङ्कन गरिएको ।
- कार्यालयमा देखिने नियमित प्रकृतिका सूचना प्रविधि सम्बन्धी समस्या समाधान गरिएको ।

### ५.१७ तथ्याङ्क शाखा

- राष्ट्रिय तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, उत्पादन, प्रबोधीकरण तथा प्रयोगसम्बन्धी कार्य गरिएको।
- सङ्कलित तथ्याङ्क तथा सूचनालाई तथ्यपरक नीति निर्माण तथा अन्य प्रयोजनमा प्रयोग बढाउन सम्बन्धित शाखा/महाशाखालाई उपलब्ध गराइएको ।
- तथ्याङ्क सङ्कलन, उपयोग र सार्वजनिकीकरणसम्बन्धी तोकिएबमोजिम अन्य आवश्यक कार्य गरिएको ।

## लगानी, उत्पादन तथा रोजगार प्रवर्धन महाशाखा

### ५.१८ अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा

- मिति २०८०/१०/२९ गते व्यवसायिक वातावरण प्रवर्द्धन समन्वय समितिको बैठक सञ्चालन गरिएको ।

- मिति २०८०/१०/२९ गते (काठमाडौं ), मिति २०८०/११/०४ (दाङ देउखुरी), मिति २०८०/११/०२ (पोखरा)गते प्रदेशस्तरमा Doing Business सम्बन्धी अन्तर्क्रिया गरी प्रतिवेदन तयार गरिएको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा उद्योग वाणिज्य प्रवर्द्धन संवाद परिषद्को बैठक सञ्चालन गरी प्रतिवेदन पेश गरिएको ।
- वैदेशिक लगानी प्रतिवद्धता र प्राप्ति बीचको अन्तर न्यूनीकरण सम्बन्धी अध्ययन समितिको बैठक बसी अध्ययन प्रतिवेदन तयार गरी प्रतिवेदन पेश गरिएको ।

### ५.१९ कृषि, वन तथा वातावरण शाखा

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका समस्या, भावि कार्यदिशा र यसको औचित्यताका सम्बन्धमा छलफल सम्पन्न गरिएको ।
- पूर्वाधार निर्माणका लागि वातावरणीय अध्ययन र वनक्षेत्र उपयोगको प्रक्रियालाई सहजीकरण, लागत न्यूनीकरण र समय घटाउन गर्नुपर्ने नीतिगत सुधार सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरी प्रतिवेदन पेश गरिएको ।

## पूर्वाधार विकास महाशाखा

### ५.२० भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा र खानेपानी, शहरी विकास तथा सञ्चार शाखा

- मिति २०८० माघ १५ गते श्रीमान् सचिवज्यूको नेतृत्वमा नागढुङ्गा सुरुङ्गमार्गको स्थलगत अनुगमन गरिएको।
- मिति २०८०/११/१३ मा चाबहिल-सांखु सडक विस्तार र धोबीखोला कोरिडोर निर्माणमा जग्गा मुआब्जा /क्षतिपूर्ति सम्बन्धमा सहजीकरण बैठक गरिएको।
- मिति २०८० फागुन १४ मा महाशाखा प्रमुखको नेतृत्वमा मेलम्ची खानेपानी आयोजनाको स्थलगत अनुगमन गरिएको।
- मिति २०८० फागुन महिनामै मदनभण्डारी राजमार्ग अन्तर्गतको सुदुरपूर्वी खण्डको स्थलगत अनुगमन गरिएको।
- मिति २०८०/११/११ मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको अनुरोधमा ललितपूरको खुमलटारमा ज्ञानपार्क निर्माण सम्बन्धमा सरोकारवाला बीच छलफल तथा सहजीकरण गरिएको।
- मिति २०८० चैत्रमा दमक भ्यूटावरको स्थलगत अनुगमन गरिएको।
- विषयगत मन्त्रालयका समस्या समाधानार्थ सहजीकरण बैठक संचालन गरी समन्वय गरिएको।
- राष्ट्रिय गौरवका आयोजना तथा प्राथमिकता प्राप्त आयोजनामा देखिएका समस्या समाधानार्थ समय समयमा सहजीकरण बैठक तथा स्थलगत अनुगमन गरिएको।

- महाशाखामा प्राप्त पत्र तथा निवेदनहरूलाई आवश्यक कारबाहीकत्र लागि विषयगत मन्त्रालयमा पठाइएको ।

## कानून तथा फैसला कार्यान्वयन महाशाखा

### ५.२१ कानून तथा फैसला कार्यान्वयन शाखा

- **लिखित जवाफ तयारी**
- सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरुबाट म्याद प्राप्त हुन आएका १०७ थान मुद्दाहरुको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।
- **तर्जुमा सम्बन्धीः** जारी गरिएका/स्वीकृत भएका/संशोधन भएका नीति, विधेयक, नियमावली, विनियमावली, आदेश, निर्देशिका र कार्यविधिहरूको विवरणः

| क्र. सं. | तर्जुमा विवरण | नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय विवरण |
|---|---|---|
| १. | एजेन्सी (संशोधन र एकिकरण) (पहिलो संशोधन) नियमहरू, २०८० | २०८०/१०/१८ को निर्णयानुसार स्वीकृत। |
| २. | प्राइभेट फर्म रजिष्ट्रेशन (पन्ध्रौं संशोधन) नियमावली, २०८० | २०८०/१०/१८ को निर्णयानुसार स्वीकृत। |
| ३. | सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक | २०८०/१०/१८ को निर्णयानुसार स्वीकृत। |
| ४. | सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० | २०८०/१०/२५ को निर्णयानुसार स्वीकृत। |
| ५. | कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (कर्मचारी सेवा शर्त) नियमावली, २०८० | २०८०/१०/२५ को निर्णयानुसार स्वीकृत। |
| ६. | विद्युतीय खरिद प्रणाली सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०८० | २०८०/१०/२९ मा राजपत्रमा प्रकाशित। |
| ७. | राष्ट्रिय प्रसारण (बाह्रौं संशोधन) नियमावली, २०८० | २०८०/११/०६ को निर्णयानुसार स्वीकृत। |
| ८. | प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८० | २०८०/११/०६ को निर्णयानुसार स्वीकृत। |
| ९. | सार्वजनिक खरिद (तेह्रौं संशोधन) नियमावली, २०८० | २०८०/११/१४ को निर्णयानुसार स्वीकृत। |
| १०. | खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी नियमावली, २०८० | २०८०/१२/०८ को निर्णयानुसार स्वीकृत। |
| ११. | तथ्याङ्क नियमावली, २०८० | २०८०/१२/१५ को निर्णयानुसार स्वीकृत। |

| | | |
|---|---|---|
| १२. | ठुला आयोजना कार्यान्वयन अनुगमन तथा सहजीकरण निर्देशिका, २०८० | २०८०/१२/२२ को निर्णयानुसार स्वीकृत। |
| १३. | मिडिया काउन्सिलसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बेनको बिधेयक,२०८० | २०८०/१२/३० को निर्णयानुसार संघीय संसदमा पेस गर्न स्वीकृत। |
| १४. | अतिरिक्त हुलाक (पाँचौं संशोधन) नियमावली, २०८० | २०८०/१२/३० को निर्णयानुसार स्वीकृत। |

- **फैसला कार्यन्वयन सम्बन्धी कार्यहरू**

| क्र. सं. | कामको विवरण | प्रगतिको अवस्था |
|---|---|---|
| १. | अदालतबाट भएका आदेश कार्यान्वयनका लागि गरिएको पत्राचार | सम्मानित अदालतबाट भएका आदेश कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा ४२ थान आदेश कार्यान्वयनका लागि पत्राचार भएको। |

- **कानुनी राय सम्बन्धी कार्यहरू**

| क्र. सं. | कामको विवरण | प्रगतिको अवस्था |
|---|---|---|
| १. | कानूनी राय प्रदान गरिएको। | यस महाशाखामा कानूनी राय माग भएका पाँच (५) वटा विषयमा कानूनी राय प्रदान गरिएको। |

- **राजपत्रमा प्रकाशित हुने सूचना सम्पादनका सम्बन्धमा**
  - यस कार्यालयको तर्फबाट नेपाल राजपत्रमा प्रकाशित गरिने सूचनाहरु **(थान ९)** सम्पादनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाईएको। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई आए पश्चात **(९ थान)** प्रकाशनको लागि मुद्रण विभागमा पठाइएको ।

## मानवअधिकार महाशाखा

### ५.२२ मानव अधिकार शाखा

| क्र.सं. | क्रियाकलाप | प्रगतिको व्यहोरा |
|---|---|---|
| १. | मानव अधिकार सम्बन्धी पाँचौ कार्ययोजनाको अनुगमन | १. आ.व. २०७९/८० को राष्ट्रिय कार्ययोजनाको प्रगति विवरण सबै प्रदेश मन्त्रालयहरु र स्थानीय तहहरुबाट माग गरिएकोमा प्रगति विवरण प्राप्त भइरहेको।<br>२. मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) कार्यान्वयन सम्बन्धी जिल्ला समन्वय समिति र स्थानीय समन्वय समिति एवं नागरिक समाजसँग अन्तर्क्रिया कार्यक्रम मन्थली रामेछापमा सम्पन्न ।साथै सिन्धुपाल्चोक, दोलखा |

| | | |
|---|---|---|
| | | जिल्लामा जिल्ला समन्वय समिति र स्थानीय समन्वय समितिको कार्य अनुगमन र छलफल । |
| २. | मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष समाधिकक्षहरुले माग गरेको जानकारी तथा प्रश्नावली एवं संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिमा परेका उजुरीको जवाफका साथै अन्य माग भएको जानकारी उपर नेपाल सरकारले पेश गर्नुपर्ने जवाफको तयारी | 1. Indigenous Persons with Disabilities सम्बन्धी जवाफ तयार भएको। <br> 2. Report on information regarding missing person सम्बन्धी जवाफ तयार भएको। <br> 3. The Contribution of North-South, South-South and Triangular Cooperation to the enjoyment of all human rights, including the right to development सम्बन्धी जवाफ तयार भएको। |
| ३. | मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन गर्ने | मानव अधिकार आयोगबाट प्राप्त २१ वटा सिफारिसको कार्यान्वयनको लागि सम्बन्धित निकायमा प्रेषित गरिएको । |

## ६. प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयसँग सम्बन्धित सूचना तथा निर्णयहरूको प्रभावकारी रूपमा सञ्चार तथा व्यवस्थापन गर्नका लागि प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ । राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ता र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सहायक प्रवक्ताको रूपमा जिम्मेवारी तोकिएको छ । कार्यालयसम्बद्ध सूचना माग गर्ने निवेदकहरूलाई सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखाबाट सहज रूपमा सूचना उपलब्ध हुने व्यवस्था मिलाइएको छ। सो शाखाको प्रमुखको रूपमा रहने राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको जिम्मेवारी दिने व्यवस्था गरिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा कुनै पनि नेपाली नागरिकले यस कार्यालयमा विधिवत् निवेदन दिई यस शाखामार्फत आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

**प्रवक्ताको विवरण**

| नाम | : | नारायण प्रसाद भट्ट |
|---|---|---|
| पद | : | सहसचिव |
| महाशाखा | : | प्रशासन |
| फोन नं. | : | ९७७-१-५९७१०६९ |
| इमेलः | : | spokesperson@opmcm.gov.np |



**सहायक प्रवक्ताको विवरण**

| नाम | : | मञ्जु शर्मा सुवेदी |
|---|---|---|
| पद | : | उपसचिव |
| शाखा | : | तत्काल समस्या समाधान केन्द्र |
| फोन नं. | : | ९७७-१- ५९७१०९४ |
| इमेलः | : | vice-spokesperson@opmcm.gov.np |



**सूचना अधिकारीको विवरण**

| नाम | : | सिर्जना शर्मा |
|---|---|---|
| पद | : | उपसचिव |
| शाखा | : | सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखा |
| फोन नं. | : | ९७७-१- ५९७१०१४ |
| इमेल | : | suchanaadhikari@opmcm.gov.np |



## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**यस कार्यालयसँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरूको विवरण**

**(क) ऐनहरू**

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- लगानी बोर्ड ऐन, २०६८
- तथ्याङ्क ऐन, २०७९

**(ख) नियमावली तथा कार्ययोजनाहरू**

- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४
- नेपाल सरकार (कार्यसम्पादन) नियमावली), २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८

**(ग) निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका , २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रिभोज एवं उपहारसम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५

- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६
- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- इ.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८
- हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७८
- सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९
- तत्काल समस्या समाधान निर्देशिका, २०७९

## ८. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

तालिका १

आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमासिक अवधिको वित्तीय प्रगति विवरण

| सि.नं. | ब.उ.शि.नं. | वार्षिक बजेट | तेस्रो त्रैमासिक खर्च | | कैफियत (आ.व.०८०/८१ चैत्रसम्मको खर्च) |
|---|---|---|---|---|---|
| | | | खर्च | वित्तीय प्रगति | |
| चालु | ३०१०००१२३ | ४२१,०८४,०००.०० | ६७,०५५,६४६.०० | | २५०,८११,४७६.२३ |
| | ३०१०००११३ | ७७,०००,०००.०० | १२,७००,९८०.०० | | ३९,६१६,७५९.०० |
| | ६०२०००१५३ | १,२३४,६१३.०० | - | | ९९५,९३५.०० |
| चालु जम्मा | | ४९९,३१८,६१३.०० | ७९,७५६,६२६.०० | १६ | २९१,४२४,१७१.०० |
| पुँजीगत | ३०१०००१२४ | ११,५५०,०००.०० | १,३८८,४२४.०० | १२ | ३,५५७,३९९.०० |
| पुँजीगत जम्मा | | ११,५५०,०००.०० | १,३८८,४२४.०० | १२ | ३,५५७,३९९.०० |

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट निम्नानुसार रहेको छः

| https://www.opmcm.gov.np |
|---|

वेबसाइटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यूलगायत यस कार्यालयसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा जानकारी एवं नीति, नियम र ऐन, कानूनहरू उपलब्ध रहेका छन् ।

## १०. कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना उपलब्ध गराइएको विवरण

| सि.नं. | माग गरेको सूचनाको संक्षिप्त व्यहोरा | प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | श्री प्रतिभा रावल, कञ्चनपुरले सरकारको कार्यकारी भूमिका र जिम्मेवारीमा रहनुभएका विभिन्न पदाधिकारीहरूको राज्यकोषबाट लिनुभएको स्वास्थोपचार खर्चका विषयमा सूचना माग गर्दै मिति २०८०/०९/०८ मा निवेदन दिनुभएको। | निवेदकले माग गरेको सूचना गृह मन्त्रालय लगायतसँग सम्बन्धित देखिएकोले सम्बन्धित निकायहरूबाट नै सूचना माग गर्न अनुरोध गरिएको। |
| २. | श्री राजु सुनार र आदर्श क्षेत्रीले यस कार्यालयको विगत दुई वर्षको खर्च विवरणलगायतका सूचना तथा जानकारी माग गर्दै मिति २०८०/११/२७ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना प्रदान गरिएकोमा उक्त सूचनाउपर असन्तुष्ट भई पुनः कार्यालय प्रमुखसमक्ष पुनरावेदन गर्नुभएको सन्दर्भमा निवेदनकले माग गरेबमोजिम थप सूचना तथा जानकारी प्रदान गरिएको । |
| ३. | श्री लक्ष्मण लम्साल, काठमाडौंले मन्त्रिपरिषद्का सदस्यहरूको सम्पत्ति विवरण एवं तलवभत्तासम्बन्धी सूचना माग गर्दै इमेलमार्फत् निवेदन पठाउनुभएको । | निवेदकले माग गरेको सूचना तथा विवरणमा निम्न जानकारी उपलब्ध गराइएको:<br>• सम्बन्धित शाखाबाट प्राप्त जानकारी अनुसार नेपाल सरकारका बहालवाला तथा पूर्व प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीहरूले यस कार्यालयमा कानूनबमोजिम सम्पत्ति विवरण पेश गर्ने गरेको ।<br>• तत्कालीन समयको मन्त्रिपरिषद्ले सार्वजनिक गर्ने निर्णय गरेपश्चात निजहरूले पेश गरेको सम्पत्ति विवरण सार्वजनिक गरी पुनः खामबन्दी गरी गोप्य रूपमा अभिलेखमा राख्ने गरिएको ।<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (३) |

| | | |
|---|---|---|
| | | तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (४) बमोजिम सम्पत्ति विवरण गोप्य राख्नुपर्ने तर प्रचलित कानूनी व्यवस्थाअनुसार अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई मात्र उपलब्ध गराउन सकिने कानूनी व्यवस्था रहेको।<br>• निवेदनमा उल्लेखित सार्वजनिक पदाधिकारीहरूको तलबभत्ता सम्बन्धी विवरण माग भएकोमा प्रचलित कानूनबमोजिम नै तलबभत्ता भुक्तानी हुने व्यहोरा अनुरोध गरिएको। |
| ४. | श्री ओमप्रसाद रेग्मी, काठमाण्डौंले उच्चपदस्थ नेतृत्वमा रहेका पदाधिकारीहरूका लागि राज्यकोषबाट भएको स्वास्थ्योपचार खर्चका सम्बन्धमा सूचना माग गर्दै मिति २०८०।१२।०८ मा निवेदन दर्ता गर्नुभएको । | नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम माग भएको सूचनाको विषय यस कार्यालयबाट सम्पादन नहुने व्यहोरा अनुरोध गरिएको। |
| ५. | श्री पुण्यप्रसाद खतिवडालगायत ६ जना निवेदकहरू, काठमाण्डौंले उखु किसानहरूको समस्याका विषयमा विविध सूचना माग गर्दै यस कार्यालयमा मिति २०८०/१२/१२ गते निवेदन दर्ता गर्नुभएको । | उक्त निवेदनमा माग गरिएको सूचनाको विषयवस्तुमा मिति २०८०/०२/२८ को पत्रबाट नै सूचना उपलब्ध गराइसकिएको र यससम्बन्धी अन्य थप सूचना सम्बन्धित मन्त्रालयहरूबाटै प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |
| ६. | श्री रामकृष्ण बन्जारा, काभ्रेपलाञ्चोकले सर्वोच्च अदालतको रिट नं. ०७१-WO-०३७३ को आदेश कार्यान्वयनका सम्बन्धमा सूचना माग गर्दै मिति २०८०/१२/०४ मा यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको। | निवेदकले माग गरेबमोजिम सूचना तथा जानकारी उपलब्ध गराइएको । |
| ७. | श्री दिपकराज जोशी र दामोदर तिम्सिना, काठमाण्डौंले प्राकृतिक श्रोत तथा वित्त आयोगका सदस्यहरूको विदेश भ्रमण स्वीकृति सम्बन्धमा सूचना माग गर्दै मिति | निवेदनमा उल्लेखित सूचना प्राकृतिक श्रोत तथा वित्त आयोगसँग सम्बन्धित देखिएकोले सो आयोगबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |

| | | |
|---|---|---|
| | २०८०/१०/२१ गते निवेदन दर्ता गर्नुभएको । | |
| ८. | श्री दिपकराज जोशी,काठमाण्डौंले अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री स्वीकारसम्बन्धी विषयमा सूचना माग गर्दै मिति २०८०/१०/२० गते निवेदन दर्ता गर्नुभएको । | निवेदनमा उल्लेखित सूचनाको विषय महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |
| ९. | श्री युवराज पौडेल (सफल), सिन्धुलीले नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षको नियुक्ति साथै माननीय सञ्चारमन्त्रीको सूचना तथा प्रविधि सल्लाहकारको नियुक्ति लगायतका विविध विषयमा सूचना माग गर्दै मिति २०७९/११/१५ गते निवेदन दर्ता गर्नुभएको । | निवेदनमा उल्लेखित सूचनाको विषय सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |
| १०. | श्री काजोल श्रेष्ठ, काठमाडौंले आफ्नो जग्गा हिनामिना सम्बन्धमा जग्गाको नापनक्सालगायतको सूचना माग गर्दै दिएको निवेदनउपर सम्बन्धित निकायबाट सूचना प्राप्त नभएको भनी मिति २०८०/११/१५ मा सूचना उपलब्ध गराइदिन माग गर्दै निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित देखिएकोले सूचना मागकर्तालाई सूचना प्रदान गर्न उक्त मन्त्रालयलाई अनुरोध गरिएको । |
| ११. | श्री सुवास भट्ट, गोरखाले शंकर प्रसाद अधिकारीको अध्यक्षतामा गठित सार्वजनिक संस्थान सुधार सुझाव समितिको प्रतिवेदनसम्बन्धी सूचना माग गर्दै यस कार्यालयमा मिति २०८०/११/११ मा दर्ता निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना अर्थ मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| १२. | श्री सुवास भट्ट, गोरखाले समाज कल्याण परिषद्मा सम्वद्ध विषयमा अध्ययन, छानविन तथा राय पेस गर्न गठित समितिको प्रतिवेदनसम्बन्धी सूचना माग गर्दै मिति २०८०/११/११ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| १३. | श्री दिपकराज जोशी, काठमाण्डौं समेत २ जना निवेदकले प्राकृतिक स्रोत तथा वित्त | नेपालको संविधानको धारा २८४ को उपधारा ३ बमोजिम संवैधानिक निकायका पदाधिकारीहरूको |

| | | |
|---|---|---|
| | आयोगका सदस्यहरूको नियुक्तका आधारका सम्बन्धमा सूचना माग गर्दै मिति २०८०/१०/११ मा निवेदन दर्ता गर्नुभएको । | नियुक्ति सिफारिस संवैधानिक परिषद्बाट हुने र माग भएको सूचनाको सन्दर्भमा यस कार्यालयको मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखाबाट प्राप्त जानकारीअनुसार संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८ को नियम ६ मा संवैधानिक परिषद्को सचिवालयले यस नियमावलीबमोजिम प्राप्त भएका विवरणहरू समावेश गरी अभिलेख तयार गरिने र यसरी तयार भएको अभिलेख परिषद्को प्रयोजनबाहेक अन्य प्रयोजनको लागि कसैलाई उपलब्ध गराइने छैन भन्ने कानूनी व्यवस्था रहेको भनी लेखि आएको हुँदा सोही सूचना प्रदान गरिएको। |
| १४. | श्री जेनिशा तामाङ, काठमाण्डौंले शैक्षिक प्रमाणपत्रमा नाम तथा लैङ्गिक विवरण संशोधनबारेको सूचना तथा जानकारी माग गर्दै मिति २०८०/१०/१७ गते इमेल मार्फत यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित देखिएकोले निवेदकलाई आवश्यक सूचना उपलब्ध गराउने प्रयोजनार्थ सो मन्त्रालयलाई अनुरोध गरिएको । |
| १५. | श्री कृष्ण के.सी., काठमाण्डौंले विभिन्न सार्वजनिक पदाधिकारीहरूको सम्पत्ति विवरणसँग सम्बन्धित भएर सूचना माग गर्दै मिति २०८०/११/०६ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना तथा विवरणमा निम्न जानकारी उपलब्ध गराइएको:<br>• सम्बन्धित शाखाबाट प्राप्त जानकारी अनुसार नेपाल सरकारका बहालवाला तथा पूर्व प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीहरूले यस कार्यालयमा कानूनबमोजिम सम्पत्ति विवरण पेस गरेको ।<br>• तत्कालीन समयको मन्त्रिपरिषद्ले सार्वजनिक गर्ने निर्णय गरेपश्चात निजहरूले पेश गरेको सम्पत्ति विवरण सार्वजनिक गरी पुनः खामबन्दी गरी गोप्य रूपमा अभिलेखमा राख्ने गरिएको । त्यस्तै संवैधानिक निकायका प्रमुख तथा सदस्यहरूले पनि यस कार्यालयमा प्रचलित कानूनबमोजिम सम्पत्ति विवरण पेश गर्ने गरेको।<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (३) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (४) बमोजिम सम्पत्ति विवरण |

| | | |
|---|---|---|
| | | गोप्य राख्नुपर्ने तर प्रचलित कानूनी व्यवस्थाअनुसार अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई मात्र उपलब्ध गराउन सकिने कानूनी व्यवस्था रहेको।<br>• निवेदनमा उल्लेखित अन्य सार्वजनिक पदाधिकारीहरूको सम्पत्ति विवरण र तत् तत् निकायमा र कर दाखिलाको विवरण सम्बन्धित निकायबाट प्राप्त गर्न सकिने व्यहोराको सूचना प्रदान गरिएको । |
| १६. | श्री सुरेन्द्र पौडेल (बाह्रखरी डटकम), काठमाण्डौंले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट भएको पछिल्लो १० वर्षको खर्च विवरण माग गर्दै मिति २०८०/३/२२ मा निवेदन दर्ता गर्नुभएको । | निवदेकले माग गरेबमोजिमको सूचना उपलब्ध गराइएको । |
| १७. | श्री सुमना श्रेष्ठ, प्रतिनिधि सभा सदस्यले विद्युतीय सुशासन आयोगको गठन र कार्यप्रगतिबारे विवरण उपलब्ध गराइदिन अनुरोध गर्दै मिति २०८०/१०/०८ गते इमेलमार्फत् निवेदन गर्नुभएको । | निवदेकले माग गरेबमोजिमको सूचना उपलब्ध गराइएको । |
| १८. | श्री तारा बहादुर भण्डारी, काठमाण्डौंले भ्रष्टाचारविरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिसँग सम्बन्धित सूचना माग गर्दै २०८०/१०/१० मा निवेदन गर्नुभएको। | यस कार्यालयको मानवअधिकार तथा अन्तराष्ट्रिय सन्धि सम्झौता महाशाखाबाट प्राप्त सूचना तथा विवरण समावेश गरी माग गरेबमोजिमको सूचना उपलब्ध गराइएको । |
| १९. | श्री रामहरि नेपाल, सिन्धुपाल्चोकले राष्ट्रिय सभामा सिफारिसका आधारहरूबारेको सूचना माग गर्दै मिति २०८०/१०/०२ मा निवेदन गर्नुभएको । | सम्बन्धित शाखाबाट प्राप्त जानकारीअनुसार राष्ट्रिय सभाको रिक्त हुने सदस्य पदमा मनोनयनका लागि सिफारिस गर्ने सम्बन्धमा नेपालको संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (ख) बमोजिम हुने व्यवस्था रहेको र उक्त पदमा मनोनयनका लागि सिफारिस गर्ने निर्णय नेपाल सरकार, मन्त्रिपरिषद्) बाट भइनसकेको भनी लेखि आएकोले सोही सूचना प्रदान गरिएको। |
| २०. | श्री भेषराज लुइँटेल, काठमाडौं, डेडिकेटेड फिडर र ट्रङ्क महसुल लाइन सम्बन्धमा | निवेदनमा माग गरिएको सूचना ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग सम्बन्धित देखिएकोले |

| | | |
|---|---|---|
| | विविध सूचना माग गर्दै मिति २०८०/१०/०२ मा निवेदन दर्ता भएको । | सम्बन्धित मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोराको सूचना प्रदान गरिएको । |
| २१. | श्री रूक्शना कपाली ललितपुरले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्यासँग सम्बन्धित विषयवस्तु हेर्ने मन्त्रालयबारे सूचना माग गर्दै मिति २०८०/१०/०२ इमेलबाट निवेदन गर्नुभएको । निज निवेदकले आफ्नो निवेदनउपरको कारबाहीका बारेमा अन्य सूचनाहरू समेत माग गर्दै विभिन्न मितिमा इमेलमार्फत् निवेदन पठाउनुभएको । | यो विषय अन्तरआवद्ध भए पनि मूलभूत रूपमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट हेरिने गरेको सूचना उपलब्ध गराइएको । प्राप्त निवेदनहरूमा आवश्यक कारबाही गरी सूचना उपलब्ध गराइएको साथै कार्यसम्पादन हुने मन्त्रालय तथा निकायहरूमा सूचना प्राप्त गर्न सकिने जानकारी गराइएको । |
| २२. | श्री योगेन्द्र राई, खोटाङले आर्थिक वर्ष २०४८/४९ मा साविक हरिसिद्धि ईंटा तथा टायल कारखाना लिमिटेडको निजीकरण सम्बन्धमा सूचना माग गर्दै मिति २०८०/११/१३ मा निवेदन दिनुभएको । | निवेदकले माग गर्नुभएको सूचनाको विषय यस कार्यालयबाट सम्पादन नहुने र नेपाल सरकार मन्त्रिपरिषद्मा हुने निर्णयका विषयहरू प्रस्ताव गर्ने निकायबाटै कार्यसम्पादन हुने भएकोले सोही व्यहोराको सूचना प्रदान गरिएको । |